**एनएमबि लघुवित्त वित्तीय संस्था लि.**
**NMB Laghubitta Bittiya Sanstha Ltd.**
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"
**केन्द्रीय कार्यालय : पोखरा-२५, हेम्जा, कास्की, फोन : ०६१-४००४२७, ४००४७७**

# दशौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**( प्रथम पटक प्रकाशित मिति २०७९/१२/०६ गतेको राजधानी राष्ट्रिय दैनिक)**

आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७९/१२/०५ गते बसेको १३५ औं बैठकबाट निर्णय भए बमोजिम यस वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम उक्त वार्षिक साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, समय र स्थानः**

**मिति** : २०८० साल बैशाख १५ गते, शुक्रवार (तदनुसार २८, अप्रिल २०२३)
**समय** : दिउसो १२ः३० बजे
**स्थान** : सिटि स्क्वायर प्रा.लि, न्यूरोड, पोखरा (भाटभटेनी सुपरमार्केट अगाडी) कास्की ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०७९/०८० को लेखा परीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजीको ०.५२६३ (शुन्य दशमलव पाँच दुई छ तीन) प्रतिशतले हुन आउने रकम रु. ३४,५१,९०९.८०। (अक्षरुपी चौतिस लाख एकाउन्न हजार नौ सय नौ रुपैयाँ असी पैसा मात्र) नगद लाभांश वापत (वोनस शेयरको कर प्रयोजनको लागि मात्र) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम चुक्ता पूँजी रु. ६५,५८,६२,८६२.००।- (अक्षरुपी पैसठी करोड अन्ठाउन्न लाख बैसठी हजार आठ सय बैसठी रुपैयाँ मात्र) को १० प्रतिशतले हुन आउने रकम रु ६,५५,८६,२८६.२० । (अक्षरुपी छ करोड पचपन्न लाख छ्यासी हजार दुई सय छ्यासी रुपैयाँ बिस पैसा मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
२. बोनश शेयर जारी भए पश्चात वित्तीय संस्थाको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले जारी पूँजी र चुक्ता पूँजी बृद्धि लगायतका बिषयहरु समावेश गरि संस्थाको प्रवन्धपत्र संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा । (यससँग सम्बन्धित विवरण वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।)
३. वित्तीय संस्थाको केन्द्रीय कार्यालय रहने ठेगाना सम्बन्धी संस्थाको प्रवन्धपत्रको दफा २(१) र नियमावलीको नियम २ संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा । (यससँग सम्बन्धित विवरण वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।)
४. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा । (यससँग सम्बन्धित विवरण वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।)
५. यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य लघुवित्त वित्तीय संस्थासंग गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडी बढाउन उपयूक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने सम्बन्धमा ।
६. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन भएमा सोही बमोजिम गर्न गराउन संचालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले,**
**(कम्पनी सचिव)**

## दशौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

१. दशौं वार्षिक साधारण सभा प्रयोजनार्थ सञ्चालक समितिको १३५ औं बैठकको निर्णय बमोजिम मिति २०७९ चैत्र १७ गतेदेखि २०८० बैशाख १५ गतेसम्म वित्तीय संस्थाको शेयर दाखिला खारेजीको काम बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९ चैत्र १६ गतेसम्म कारोबार भई तोकिएको समयभित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी काठमाडौंबाट प्राप्त नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यस वार्षिक साधारण सभामा भाग लिन र बोनश तथा लाभांश पाउन योग्य हुनेछन् ।
२. शेयरधनीहरुको जानकारीका लागि वार्षिक संक्षिप्त आर्थिक विवरण यसै सूचना साथ प्रकाशित गरिएको छ । वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु वित्तीय संस्थाको वेवसाइट www.nmbmicrofinance.com मा पनि राखिएको छ ।
३. वार्षिक साधारण सभामा भाग लिन आउँदा शेयरधनीहरुले वार्षिक प्रतिवेदनका साथ संलग्न प्रवेशपत्र वा शेयरको प्रमाणपत्र/हितग्राही खाताको प्रमाण वा आफ्नो परिचय खुल्ने फोटो सहितको परिचयपत्र वा सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।
४. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिती पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिती पुस्तिका सभा स्थलमा बिहान ११ः३० बजे देखि खुल्ला रहनेछ ।
५. वार्षिक साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तिय संस्थाको केन्द्रीय कार्यालय पोखरा २५, हेम्जा, कास्कीमा दर्ता गराई सक्नुपर्नेछ ।
६. प्रतिनिधि नियुक्त गर्दा मतदान गर्न अधिकार प्राप्त वित्तीय संस्थाको शेयरधनी बाहेक अन्य ब्यक्तिलाई नियुक्त गर्न सकिने छैन । कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफु स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द भएको मानिनेछ ।
७. नाबालक वा विक्षिप्त शेयरधनीहरुको हकमा वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ । संयुक्त रुपमा शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मत रुपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयर धनीले मात्र साधारण सभामा भाग लिन पाउनेछ ।
८. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछ ।
९. कुनै शेयरधनी महानुभावलाई वित्तीय संस्थाको सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको रजिर्ष्टर्ड कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
१०. साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीहरुले साधारण सभासँग सम्बन्धित कागजात बाहेकका कुनै झोला, पोका वा अन्य निषेधित सामाग्री नलिई आउनुहुन अनुरोध गरिएको छ ।

***द्रष्टव्य : वित्तीय संस्थाको वार्षिक प्रतिवेदन वित्तीय संस्थाको वेबसाइट www.nmbmicrofinance.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउछौं ।***